त्रिभुवन विश्वविद्यालय

# विज्ञान तथा प्रविधि अध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल


पत्र सङ्ख्या

च.नं. १०६२। ०७७। ७८

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०४५

मिति : २०७८।३।३१

श्री क्याम्पस प्रमुख ज्यू

General B.Sc. संचालित आंगिक तथा सम्वन्धन प्राप्त क्याम्पसहरु ।

विषय : **Project Work** कार्यविधि बारे ।

उपरोक्त विषयमा विज्ञान तथा प्रविधि अध्ययन संस्थान विद्यापरिषदको मिति २०७८।३।११ को बैठकको निर्णयानुसार यस विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत अध्ययन अध्यापन हुने B.Sc. तहको चौथो वर्षको Pro 406 Project Work को **परिमार्जित कार्यविधि २०७८** आवश्यक कार्यार्थ पठाइएको छ । सो अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

कार्यविधि यस अध्ययन संस्थानको Website : **www.tuiost.edu.np** बाट डाउनलोड गर्न सकिने छ ।

प्रा.डा. विन्निल अयाल

डीन

त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान

# स्नातक तह (B.Sc.) चौथो वर्षको
# परियोजना (PRO 406) कार्यविधी - २०७८

## B.Sc. Fourth Year

## Project Work (PRO 406) Guidelines - 2078

Institute of Science & Technology
Tribhuvan University

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर

# विज्ञान तथा प्रविधि अध्ययन संस्थान स्नातक तह (B.Sc.) चौँथो वर्षको परियोजना (PRO 406) कार्यविधि– २०७८

## परिच्छेद १
**प्रारम्भिक**

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**

**क)** यस कार्यविधिको नाम 'स्नातक तह चौँथो वर्षको परियोजना कार्यविधि-२०७८ [B.Sc. Fourth Year Project Work (PRO 406) Guidelines-2078]' रहेको छ ।

**ख)** यो कार्यविधि विद्या परिषद (Faculty Board) ले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**क)** "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालयलाई सम्झनु पर्दछ ।

**ख)** "विज्ञान तथा प्रविधि अध्ययन संस्थान" भन्नाले त्रिभुवन विश्वविद्यालयको विज्ञान तथा प्रविधि अध्ययन संस्थान भन्ने सम्झनु पर्दछ ।

**ग)** "विभागीय प्रमुख" भन्नाले सम्बन्धित विभागको विभागीय प्रमुख सम्झनु पर्दछ ।

**घ)** "इन्चार्ज" भन्नाले सम्बन्धित विभागको इन्चार्ज भन्ने सम्झनु पर्दछ ।

**ङ)** "सुपरिवेक्षक" भन्नाले स्नातक तह चौँथो वर्षको परियोजना कार्य सञ्चालनको सम्बन्धमा सम्बन्धित विभाग वा क्याम्पसले तोकेको निश्चित विद्यार्थीलाई अनुसन्धानकार्य निर्देशन गराउने प्रमुख व्यक्ति (परियोजना सुपरिवेक्षक) भन्ने सम्झनु पर्दछ ।

**च)** "सह-सुपरिवेक्षक" भन्नाले स्नातक तह चौँथो वर्षको परियोजना कार्य सञ्चालनको सम्बन्धमा सम्बन्धित विभाग वा क्याम्पसले तोकेको निश्चित विद्यार्थीको अनुसन्धान कार्य सुपरिवेक्षकको समन्वयमा/मातहतमा रही विद्यार्थीको अनुसन्धान निर्देशनमा सहायक भूमिका निर्वाह गर्ने व्यक्ति (परियोजना सह-सुपरिवेक्षक) भन्ने सम्झनु पर्दछ ।

**छ)** "आन्तरिक परीक्षक" भन्नाले सम्बन्धित विद्यार्थीको परियोजना कार्यको अन्तिम प्रस्तुतीकरण मूल्याङ्कन गर्नका लागि सम्बन्धित क्याम्पस, विभाग/शिक्षण समितिले तोकेको उक्त क्याम्पस, विभाग/शिक्षण समितिभित्रको सम्बन्धित विषयको विज्ञ शिक्षक भन्ने सम्झनु पर्दछ ।

**ज)** "बाह्य परीक्षक" भन्नाले सम्बन्धित विद्यार्थीको परियोजना कार्यको अन्तिम प्रस्तुतीकरण मूल्याङ्कन गर्नका लागि त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयले तोकेको सम्बन्धित विषयको विज्ञ भन्ने सम्झनु पर्दछ ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०७५

## परिच्छेद २
### परियोजना कार्यको मापदण्ड

**३.** त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका स्नातक कार्यक्रमहरूको जुनसुकै विषय अन्तर्गत भए तापनि परियोजना कार्य गर्नका लागि निम्न मापदण्ड पूराभएको हुनुपर्नेछ ।

**क**) सम्बन्धित विषयअन्तर्गत रही समस्या पहिचान गरी सो सम्बन्धमा पूर्व कार्य समीक्षा (Literature review) गरी मूल समस्या पहिचान गरिएको (Problem identification through literature review) र यसका आधारमा समस्या समाधान गर्ने हेतुले अनुसन्धान परिकल्पना (Research hypothesis) तयार पारिएको हुनुपर्नेछ ।

**ख**) पहिचान गरिएका समस्याहरूलाई अनुसन्धानका विधि र पद्धति (Procedure and Method) द्वारा हल गर्नुपर्नेछ ।

**ग**) कार्यविधिमा उल्लेखित शीर्षक/उपशीर्षकभित्र रही परियोजना कार्य मौलिक प्रकृतिको हुनुपर्नेछ र कार्यविधिमा उल्लेखित शीर्षक/उपशीर्षकभित्र रही मौलिक तरिकाको लेखन प्रस्तुति हुनुपर्नेछ ।

**घ**) परियोजना कार्यको प्रतिवेदन लेखन (Report writing) गरी समापन गर्दासम्म उक्त कार्य अनुसन्धानका विधि, पद्धति र सीमाभित्र रही गरेको हुनुपर्नेछ ।

**४.** परियोजना कार्य गर्दा माथि उल्लेखित दफा ३ (क), (ख), (ग) र (घ) अनुसारको मापदण्ड पुगे नपुगेको अन्तिम निर्णय परीक्षा मूल्याङ्कन समिति (Evaluation committee) ले गर्नेछ ।

## परिच्छेद ३
### सुपरिवेक्षक तथा सह-सुपरिवेक्षकसम्बन्धी व्यवस्था

**५.** सम्बन्धित विद्यार्थीको परियोजना कार्य सञ्चालन तथा सम्पन्न गर्न सम्बन्धित क्याम्पस वा विभाग/शिक्षण समितिले एक सुपरिवेक्षक तोक्नेछ । साथै आवश्यक परेको खण्डमा सम्बन्धित विभागले अतिरिक्त एक सह-सुपरिवेक्षकसमेत तोक्न सक्नेछ ।

**६. सुपरिवेक्षकको योग्यता :** परियोजना कार्य सुपरिवेक्षण गर्ने सुपरिवेक्षकको निम्न उल्लेखितमध्ये कम्तीमा कुनै एक योग्यता पुगेको हुनुपर्नेछ ।

**क**) विज्ञान तथा प्रविधि अध्ययन संस्थानअन्तर्गत सञ्चालित स्नातक वा स्नातकोत्तर तहअन्तर्गत पाठ्यक्रमको कम्तीमा एक सैद्धान्तिक विषयको कक्षा लिएको वा लिइरहेको सम्बन्धित विषयको पूर्णकालीन शिक्षकले स्नातक तह चौंथो वर्षको परियोजना कार्यको सुपरिवेक्षण गर्न सक्नेछ ।

**ख**) विगतमा सम्बन्धित विषय वा क्षेत्रमा शोधकार्य गरेका वा गराएका वा अनुसन्धान कार्य गरेका वा गराएका त्रिभुवन विश्वविद्यालयका अवकाश प्राप्त प्राध्यापक, सह-प्राध्यापक तथा उप-प्राध्यापकहरूले परियोजना कार्यको सुपरिवेक्षण गर्न सक्नेछन् ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०८५

**ग)** सम्बन्धित विषय वा क्षेत्रमा शोधकार्य गरेका वा गराएका वा अनुसन्धान कार्य गरेका वा गराएका वा मुख्य लेखक (Principal author) भई राष्ट्रिय/अन्तराष्ट्रिय अन्लाइन जर्नलमा लेख प्रकाशित गरेको वा कम्तीमा २ जना विद्यार्थीहरूको परियोजना कार्यको सह-सुपरिवेक्षक भैसकेको आंशिक शिक्षकले परियोजना कार्यको सुपरिवेक्षण गर्न सक्नेछ । यस अन्तर्गत हुने सुपरिवेक्षकको हकमा सम्बन्धित विभागको एक पूर्णकालीन शिक्षक निर्देशकको रूपमा राख्नु अनिवार्य हुनेछ ।

**घ)** नेपाल सरकार निजामती सेवाको विभिन्न तहमा वा नेपाल सरकारद्वारा मान्यताप्राप्त निकाय वा अनुसन्धान केन्द्रमा रही अनुसन्धान गर्ने गराउने कार्यमा संलग्न अनुसन्धान कर्ताले पनि परियोजना कार्यको सुपरिवेक्षण गर्न सक्नेछ ।

तर दफा ६ (घ) को सम्बन्धमा निम्नानुसार हुनेछ ।

**अ)** दफा ६ (घ) अन्तर्गतको सुपरिवेक्षकको हकमा दफा ६ (क) अनिवार्य हुनेछैन ।

**आ)** दफा ६ (घ) अन्तर्गतको सुपरिवेक्षकको न्युनतम योग्यता सम्बन्धित विषयमा विद्यावारिधि वा सो सरह हुनुपर्नेछ ।

**इ)** दफा ६ (घ) अन्तर्गत हुने सुपरिवेक्षकको हकमा सम्बन्धित विभागको एक पूर्णकालीन शिक्षक निर्देशकको रूपमा राख्नु अनिवार्य हुनेछ ।

**ई)** दफा ६ (घ) अन्तर्गतको सुपरिवेक्षकको हकमा उक्त सुपरिवेक्षकले परियोजना कार्य गराउने विद्यार्थीको प्र योगशाला व्यवस्थापन एवम् यससँग सम्बन्धित खर्चको सम्बन्धमा क्याम्पस प्रशासनलाई कुनै पनि आर्थिक दायित्वको अनिवार्यता हुनेछैन ।

**७) सह-सुपरिवेक्षकको योग्यता :** विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत सञ्चालित स्नातक तह चौंथो वर्षका विद्यार्थीलाई गराइने परियोजना कार्य सञ्चालनका लागि हुने सह-सुपरिवेक्षकको लागि निम्न उल्लेखितमध्ये कम्तीमा कुनै एक योग्यता पुगेको हुनुपर्नेछ ।

**क)** दफा ६ अन्तर्गत सुपरिवेक्षकको योग्यता पुगेको शिक्षक वा अनुसन्धान वा शोध कर्ता ।

**ख)** विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत सञ्चालित स्नातक वा स्नातकोत्तर तह अन्तर्गत पाठ्यक्रमको कम्तीमा एक सैद्धान्तिक विषयको कक्षा लिएको वा लिइरहेको सम्बन्धित विषयको आंशिक शिक्षक ।

**ग)** सम्बन्धित विषयमा पूर्णकालीन वा आंशिक प्राध्यापनरत भई सो विषयमा विद्यावारिधि अनुसन्धान कार्यमा स ंलग्न शोधकर्ता ।

**घ)** नेपाल सरकार अन्तर्गतका निकायहरू, अन्य शैक्षिक संस्थानहरू, अस्पताल, अनुसन्धान केन्द्र आदिमा कार्यरत सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेका विज्ञ ।

**ङ)** त्रिभुवन विश्वविद्यालयबाट मान्यता प्राप्त अन्य विश्वविद्यालय, शैक्षिक संस्था, शिक्षण संस्था, अनुसन्धान केन्द्र आदिमा संलग्न स्नातकोत्तर उपाधि हासिल गरेको स्वदेशी वा विदेशी अनुसन्धान वा शोधकर्ता ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०८५

## परिच्छेद ४
## परियोजना कार्य गर्ने विद्यार्थीको योग्यतासम्बन्धी व्यवस्था

८) विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत सञ्चालित स्नातक तह चौँथो वर्षमा अध्ययनरत देहाय बमोजिमको योग्यता पुगेका विद्यार्थीहरूले सम्बन्धित विषयमा परियोजना कार्य गर्नका लागि क्याम्पस/विभागमा निवेदन दिन सक्नेछन् ।

**क)** विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत स्नातक तह प्रथम तथा दोस्रो वर्षमा नियमित परिक्षार्थी भई उत्तीर्ण भएका विद्यार्थी ।

**ख)** विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत स्नातक तह प्रथम वा दोस्रो वर्षमा नियमित परिक्षार्थी भई उत्तीर्ण भएका विद्यार्थी ।

**ग)** दफा ८ (क) र (ख) मा जुनसुकै कुरा लेखेको भए तापनि स्नातक तह प्रथम तथा दोस्रो वर्षमा नियमित परीक्षार्थी भई कम्तीमा मूल विषय उत्तिर्ण गरी अनुसन्धानमा अभिरुचि भएको कुरा प्रस्तावना लेखन र प्रस्तुतीकरणमा सफल रहेको खण्डमा सम्बन्धित विभागीय प्रमुखले विभागमा उपलब्ध मानव संसाधन, प्र योगशालाको भौतिक पूर्वाधार र अनुसन्धान औचित्यताको आधारमा सिफारिस विद्यार्थी ।

सम्बन्धित विद्यार्थीले स्नातक तह चौँथो वर्षमा अध्ययन गर्न छनौट गरेको विषयलाई मूल विषय मानिनेछ ।

**घ)** दफा ८ (क), (ख) र (ग) ले मापदण्ड पुगेका विद्यार्थी सङ्ख्याभन्दा बढीलाई परियोजना कार्य गराउन सकिने विभागीय क्षमता, मानव संसाधन तथा स्रोत व्यवस्थापनका आधारहरू रहेको खण्डमा र दफा ८ (क), (ख) र (ग) को मापदण्डभित्र नपरे तापनि अन्य योग्यता पुगेको कुनै विद्यार्थीलाई उसको विशिष्टताको आधारमा परियोजना कार्य गर्न सक्छ भन्ने लागेमा विभागीय प्रमुखले वा सो सम्बन्धमा राय दिन क्याम्पस/विभागीय अनुसन्धान समितिले सिफारिस गरेमा परियोजना कार्य गराउन सकिनेछ ।

## परिच्छेद-५
## आवेदन दिने प्रक्रिया तथा छनौट विधि

९) दफा ८ (क), (ख), (ग) र (घ) बमोजिम योग्यता पुगेका परियोजना कार्य गर्न इच्छुक विद्यार्थीले निम्नानुसारको व्यवस्था अनुसार आवेदन दिनुपर्नेछ ।

**क)** सम्बन्धित विषयको चौँथो वर्षको विद्यार्थीले प्रथम तथा दोस्रो वर्षको प्रमाणित लब्धाङ्क पत्र (Marksheet) स ंलग्न राख्दै आफ्नो क्याम्पसको सम्बन्धित विभागमा विभागीय प्रमुखलाई सम्बोधन गर्दै अनुसूची १ बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

**ख)** योग्यता पुगेका विद्यार्थीहरूबाट प्राप्त निवेदनहरू उपर सम्बन्धित विभागीय प्रमुखले आवश्यक विभागीय परामर्शको आधारमा कार्यबाही गरी देहायबमोजिमको आधारमा योग्यताक्रम सूची प्रकाशन गर्नेछ ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०७५

**अ)** स्नातक तह प्रथम र दोस्रो वर्षमा नियमित परीक्षार्थी भई उत्तीर्ण भएकाहरूमध्ये योग्यताक्रमको आधारमा ।

**आ)** स्नातक तह प्रथम र दोस्रो वर्ष नियमित परीक्षार्थी भई मूल विषयमा दुवै तहमा उत्तीर्ण भएकाहरूमध्ये योग्यताक्रमको आधारमा ।

**इ)** दफा ९ (ख) बमोजिमको योग्यताक्रम निर्धारण गर्दा स्नातक तहको परीक्षाको लब्धाङ्कपत्रको आधारमा मात्र मूल्याङ्कन गरिनेछ ।

**ग)** विद्यार्थीहरूका परियोजना कार्यको शीर्षक, विद्यार्थीको परियोजना कार्यप्रतिको अभिरुचि, अनुसन्धानको विषयवस्तु, क्षेत्र, चाख र अनुभव हेरी विभागीय प्रमुखले एक सुपरिवेक्षक र आवश्यक परेमा एक सह-सुपरिवेक्षक निर्धारण गर्नेछ ।

**घ)** दफा ९ (ग) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि सम्बन्धित विभागीय प्रमुखले आवश्यक ठानेमा सम्बन्धित विद्यार्थीलाई नै सुपरिवेक्षक छान्ने जिम्मा दिन सक्नेछ । प्रस्तावित सुपरिवेक्षकलाई विभागीय प्रमुखबाट अनुमोदन भएको खण्डमा मात्र सम्बन्धित विद्यार्थीको सुपरिवेक्षणको जिम्मेवारी दिन सकिनेछ ।

**ङ)** आवश्यक सह-सुपरिवेक्षकको व्यवस्था सम्बन्धित विभागको विभागीय प्रमुखले गर्नेछ । यसरी छानेको सह-सुपरिवेक्षकको योग्यता दफा ७ अनुसारकै हुनेछ ।

**१०.** सुपरिवेक्षक र सह-सुपरिवेक्षक निश्चित भइसकेपछि, सम्बन्धित विद्यार्थीले आफूले गर्न चाहेको परियोजना कार्यको प्रस्तावको प्रस्तुतीकरण र प्रतिरक्षा गर्नुपर्नेछ । स्वीकृत प्रस्तावहरूको आधारमा विभागीय प्रमुखले सम्बन्धित विद्यार्थीको नाम, सुपरिवेक्षक/सह-सुपरिवेक्षक र प्रस्तावको शीर्षक उल्लेख गरी परियोजना कार्यको लागि क्याम्पस प्रशासनलाई जानकारी दिनुपर्नेछ ।

## <u>परिच्छेद ६</u>

### परीक्षा सञ्चालनसम्बन्धी व्यवस्था

**११. क)** परियोजना कार्य गर्ने विद्यार्थीले स्नातक तह चौँथो वर्षको सैद्धान्तिक तथा प्रयोगात्मक परीक्षा सम्पन्न भएको मितिले तीस (३०) दिनभित्र परियोजना कार्यको प्रतिवेदन अनुसूची २ बमोजिमको ढाँचामा सम्बन्धित सुपरिवेक्षक/सह-सुपरिवेक्षकमार्फत सम्बन्धित विभाग/विभागीय प्रमुखलाई अनिवार्य वुझाउनुपर्नेछ । परियोजना कार्यको प्रतिवेदनको भाषा अङ्ग्रेजीमा हुनुपर्नेछ । उक्त प्रतिवेदनको शोधसार (Abstract), नेपाली भाषामा उल्था गरी राख्नुपर्नेछ ।

**ख)** दफा ११ (क) बमोजिम प्राप्त हुन आएको परियोजना कार्यको एकप्रति प्रतिवेदनसहित कम्तीमा तीन जना सम्बन्धित क्षेत्रको विज्ञको नाम विभागीय प्रमुखले सिफारिस गरी कुनै एक बाह्य परीक्षक नियुक्त गरिदिनुहुन भन्ने व्यहोरा खुलेको औपचारिक पत्र सम्बन्धित निकाय (त्रि.वि.प.नि.का.) मा पठाउनुपर्नेछ । यसरी सिफारिस हुने विषयविज्ञ सम्बन्धित विभागभन्दा बाहिरको हुनुपर्नेछ ।

**ग)** विभागीय प्रमुखले सम्बन्धित विभागभित्रबाट एक विषयविज्ञलाई आन्तरिक परीक्षकको रूपमा नियुक्ति गर्नेछ ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०८५

**घ)** दफा ११ (ख) बमोजिम त्रि. वि. बाट सिफारिस भई आएको बाह्य परीक्षक, दफा ११ (ग) बमोजिमको आन्तरिक परीक्षक, विभागीय प्रमुख, सम्बन्धित सुपरिवेक्षक र सह-सुपरिवेक्षक (रहेको खण्डमा) सहितको एक मूल्याङ्कन समिति हुनेछ । यसको संयोजन विभागीय प्रमुखले गर्नेछ ।

**ङ)** सुपरिवेक्षक/सह-सुपरिवेक्षकले सम्बन्धित विद्यार्थीको परियोजना कार्य सम्पन्न भएको भनी मूल्याङ्कन गर्न सिफारिस गरेको कम्तीमा पाँच दिन पछि मात्र अन्तिम प्रतिरक्षा (Final defence with viva-voce examination) को मूल्याङ्कन गर्न सकिनेछ ।

**च)** मूल्याङ्कन समितिका सम्पूर्ण विज्ञ सदस्यहरूसँग समन्वय गरी सम्बन्धित विद्यार्थीको परियोजना कार्य तथा यसको प्रतिवेदनको अन्तिम प्रतिरक्षा गर्ने मिति, स्थान र समय खुल्ने गरी विभागीय प्रमुखले एक सूचना जारी गर्नेछ । उक्त सूचना तथा जानकारी मूल्याङ्कन समितिका प्रत्येक विज्ञ सदस्य र विद्यार्थीलाई कम्तीमा तीन दिन अगावै सूचना पुग्ने गरी जानकारी गराउनुपर्नेछ ।

**छ)** विद्यार्थीको परियोजना कार्यको अन्तिम प्रतिरक्षा भौतिक उपस्थितिमा तोकिएको मिति, स्थान र समयमा हुनुपर्नेछ । विद्यार्थीको परियोजना कार्यको अन्तिम प्रतिरक्षा कुनै विषेश कारणले भौतिक उपस्थितिमा हुन नसक्ने र सो कार्य वैकल्पिक विधि अर्थात परोक्ष सभा (Virtual meeting) बाट गर्न सकिने व्यहोरामा मूल्याङ्कन समितिका प्रत्येक सदस्य सहमत भएमा भौतिक उपस्थितिको वैकल्पिक व्यवस्था (जस्तै : परोक्ष सभा) अपनाउन सकिनेछ । यदि वैकल्पिक व्यवस्था अवलम्बन गरी कुनै विद्यार्थीको परियोजना कार्यको अन्तिम प्रतिरक्षा गरेको निज विद्यार्थी सफल भएको खण्डमा सो कुराको तथ्य खुल्ने गरी एक टिप्पणी वा औपचारिक पत्र तयार गरी प्रतिरक्षा सफल भएको प्रतिवेदन र यसको मूल्याङ्कनपत्र सँगै त्रि. वि. प. नि. का. मा वुझाउनुपर्नेछ ।

**ज)** परियोजना कार्यको नवीनता (Novelty), समस्याको पहिचान (Problem identification), परियोजना कार्यको योजना (Research design), सान्दर्भिकता/औचित्यता (Relevance/Rationale), पूर्वकार्य समीक्षा (Literature review), लेखनशैली (Writing format), तथ्याङ्कको सङ्कलन र विश्लेषण (Data collection and interpretation), प्रस्तुतीकरण (Presentation), मौखिक प्रश्नको सवालजवाफ (Viva-voce), प्राप्ति (Achievement), निचोड/निष्कर्ष (Concluding remarks) र यसको समाजप्रतिको उपादेयता (Social utility) इत्यादिका आधारमा विद्यार्थीको परियोजना कार्यको प्रतिरक्षाको स्तर हेरी मूल्याङ्कन समितिले सिधै अनुमोदन (Approval), लघु परिशोधन (Minor revision) वा बृहत् परिशोधन (Major revision) पश्चात् अनुमोदन वा अस्वीकृत (Rejection) गर्न सक्नेछ । लघु परिशोधन, बृहत् परिशोधन वा अस्वीकृत हुने अवस्थामा सो गर्नुपर्ने स्पष्ट तथ्य तथा प्रमाणहरू सम्बन्धित विद्यार्थीलाई मूल्याङ्कन समितिले सुपरिवेक्षक मार्फत मौखिक वा लिखित रूपमा दिनुपर्नेछ । उक्त परियोजना कार्यको प्रतिवेदनमा कुनै बौद्धिक चोरी, जालसाँझी र मिथ्याकरण (Plagiarism, Fabrication and Falsification) भएको हुनुहुँदैन ।

**१२. मूल्याङ्कन मापदण्ड :**

**क)** परियोजना कार्यको अनुमोदनसहित मूल्याङ्कन कर्ताहरूले अङ्कात्मक मूल्याङ्कन गर्नेछन् । मूल्याङ्कनकर्ताको मूल्याङ्कन अङ्कभार देहायबमोजिम हुनेछ ।



विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०८१

| क्र.स. | मूल्याङ्कन कर्ता | अङ्कभार (प्रतिशतमा) |
|---|---|---|
| १. | सुपरिवेक्षक | ४० |
| २. | बाह्य परीक्षक | २५ |
| ३. | आन्तरिक परीक्षक | २० |
| ४. | विभागीय प्रमुख | १५ |
| | जम्मा | १०० |

सदृश (समान) मूल्याङ्कनका लागि माथि उल्लेखित अङ्कभारलाई सतप्रतिशत मानी मूल्याङ्कन समितिले अनुसूची ३ बमोजिमको ढाँचाको फाराम प्रयोग गर्नुपर्नेछ । मूल्याङ्कनको स्तर वृद्धि गर्ने हिसावले सम्बन्धित विभागीय प्रमुखले उक्त ढाँचाको मुख्य स्वरूप परिवर्तन नहुने गरी सामान्य फेरबदल गर्न सक्नेछ ।

**ख)** दफा १२ (क) को मूल्याङ्कनको सन्दर्भमा सम्बन्धित विद्यार्थीको प्राप्ताङ्क ९०% वा सो भन्दा वढी र ६०% भन्दा कम भएमा प्रत्येक मूल्याङ्कन कर्ताले सो-सम्बन्धमा वस्तुगत कारण लिखित रूपमा खुलाउनुपर्नेछ ।

**१३.** दफा ११ (ज) बमोजिम स्वीकृत प्रतिवेदनको एक प्रमाणित सक्कलप्रति, प्रतिरक्षा सफल भएको सम्बन्धमा सम्बन्धित क्याम्पसको औपचारिक पत्र, यसको दफा १२ (क) र (ख) बमोजिमको मूल्याङ्कन पत्र एकैसाथ त्रि. वि. प. नि. का. मा बुझाउनुपर्नेछ ।

## परिच्छेद ७
## आर्थिक तथा खर्च व्यवस्थापन

**१४.** आर्थिक व्यवस्थापन: परियोजना कार्य सञ्चालनका लागि आर्थिक सङ्कलन तथा खर्चको व्यवस्थापन निम्न बमोजिम हुनेछ ।

**क)** परियोजना कार्यका लागि सम्बन्धित विभागको सिफारिसमा क्याम्पस प्रशासनले प्रतिविद्यार्थी तोकिएको रकम रु. १०,०००।- (दस हजार) थप शुल्क उठाउनुपर्नेछ । यो कार्यविधि प्रारम्भ भएको मितिले प्रत्येक २/२ वर्षमा समयसापेक्ष परिमार्जन गरी उक्त रकमको १० प्रतिशतका दरले थप वृद्धि गर्न सकिनेछ । परियोजना कार्यको दर्ता प्रक्रिया सँगै उक्त तोकिएको रकम विद्यार्थीले वुझाउनुपर्नेछ ।

**ख)** खर्चको व्यवस्था

**अ)** दफा १४ (क) अनुसार उठाएको रकम विभागीय प्रमुखले सिफारिस गरेअनुसार क्याम्पस प्रशासनले आवश्यक प्रक्रिया पुऱ्याई खर्च गर्नुपर्नेछ । उक्त दफा १४ (क) अनुसारको रकमलाई शतप्रतिशत मानी देहायबमोजिमको खर्च गर्न सकिनेछ ।

| | |
|---|---|
| परियोजना सुपरिवेक्षक | ३० प्रतिशत |
| (सह-सुपरिवेक्षक वा निर्देशक) | (१० प्रतिशत) |
| बाह्य परीक्षक | १५ प्रतिशत |
| आन्तरिक परीक्षक | १० प्रतिशत |
| विभागीय प्रमुख | १० प्रतिशत |
| क्याम्पसको मुलकोष | १० प्रतिशत |
| परियोजना कार्यको प्रस्ताव प्रस्तुतीकरण, अन्तिम प्रतिवेदन प्रस्तुतीकरण र मसलन्द खर्च | १५ प्रतिशत |

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०८५

सह-सुपरिवेक्षकवा निर्देशकको व्यवस्था नगरिएको खण्डमा निजलाई छुट्याएको १० प्रतिशत रकममध्ये ५ प्रतिशत रकम सुपरिवेक्षक र ५ प्रतिशत रकम परियोजना कार्यको प्रस्ताव प्रस्तुतीकरण, अन्तिम प्रतिवेदन प्रस्तुतीकरण र मसलन्द खर्च शीर्षकका लागि विभागीय प्रमुखले निर्धारण गर्न सक्नेछ ।

## परिच्छेद ८
## सुपरिवेक्षक तथा सह-सुपरिवेक्षकको परिवर्तनसम्बन्धी व्यवस्था

**१५.** विभागीय प्रमुखले देहायबमोजिमको अवस्थामा सुपरिवेक्षक वा सह-सुपरिवेक्षकको परिवर्तन गर्न सक्नेछ ।

**क**) सुपरिवेक्षक वा सह-सुपरिवेक्षकले आफ्नो शारीरिक अस्वस्थताका अन्य कुनै उचित कारण देखाई आफूलाई तोकिएको जिम्मेवारी बहन गर्न असमर्थ रहेको लिखित जानकारी विभागीय प्रमुखलाई गराएमा ।

**ख**) सुपरिवेक्षक वा सह-सुपरिवेक्षकको सम्बन्धित विद्यार्थी तथा विभाग वा क्याम्पससँग सम्पर्क हुन सक्ने अवस्था नभएमा ।

**ग**) विद्यार्थीको परियोजना कार्यको अन्तिम प्रस्तुतीकरण र मूल्याङ्कन गर्ने समयमा भौतिक हिसाबले उपस्थित हुन नसक्ने भई विद्यार्थीको शैक्षिक वर्ष खेर जाने अवस्था आउने देखिएमा । सह-सुपरिवेक्षकको हकमा भने यो बुँदा अनिवार्य हुनेछैन । तर निजले सो सम्बन्धमा सम्बन्धित विद्यार्थीको परियोजना कार्यको अन्तिम प्रतिवेदन आफ्नोतर्फबाट स्वीकृत/मान्य छ भनी तयार गरी विभागीय प्रमुखलाई पठाएको सहमति पत्र अनिवार्य हुनेछ ।

**घ**) सुपरिवेक्षक वा सह-सुपरिवेक्षकबाट सम्बन्धित विद्यार्थीलाई परियोजना कार्यको सम्बन्धमा मर्का परेको व्यहोरा उक्त विद्यार्थीले विभागीय प्रमुखलाई लिखित निवेदन दिएमा र उक्त निवेदनमा खुलाएको कारण विभागीय प्रमुखले मनासिब ठानेमा ।

**ङ**) सुपरिवेक्षक वा सह-सुपरिवेक्षकको मृत्यु भएमा ।

## परिच्छेद ९
## परियोजना कार्यको ढाँचा

**१७.** परियोजना कार्यको ढाँचा अनुसूची २ अनुसार हुनेछ । गुणस्तर वृद्धि गर्ने हिसाबले सम्बन्धित विभागीय प्रमुखले उक्त ढाँचाको मुख्य स्वरूप परिवर्तन नहुने गरी सामान्य फेरबदल गर्न सक्नेछ । सो सम्बन्धमा परियोजना कार्यको प्रतिवेदनको अन्तिम प्रस्तुतीकरण तथा मूल्याङ्कनका समयमा सम्बन्धित विभागीय प्रमुखले बाह्य परीक्षकलाई आवश्यक जानकारी गराउनुपर्नेछ ।

## परिच्छेद १०
## संशोधन र खारेजी

**१८.** यो कार्यविधि विद्यापरिषद्को सिफारिसमा प्राज्ञिक परिषद्को वैठकले आवश्यक संशोधन वा खारेजी गर्न सक्नेछ ।

## अनुसूची- १

मिति :

श्रीमान् विभागीय प्रमुखज्यू,

.............................. विभाग,

............................... क्याम्पस,

..........., नेपाल ।

विषय : परियोजना कार्य गर्न पाँऊ भन्ने बारे ।

महोदय,

उपर्युक्त विषयका सम्बन्धमा यस क्याम्पसको स्नातक तह चौँथो वर्षमा ....................... मूल विषय छनौट गरी अध्ययनरत म ......................................... रोल नं. ............. ले उक्त विषय अन्तर्गत परियोजना कार्य (PRO-406) गर्न चाहेकाले मेरो स्नातक तह प्रथम र दोस्रो वर्षको लब्धाङ्क पत्रको प्रमाणित प्रतिलिपिसहित तपसिलमा उल्लेख गरे अनुसारको क्षेत्रमा परियोजना कार्य गर्न पाँऊ भनी यसै निवेदन साथ अनुरोध गर्दछु ।

**तपसिल :**

परियोजना कार्य गर्न चाहेको क्षेत्र/शीर्षक :

परियोजना कार्य गर्न लाग्ने अनुमानित समय :

परियोजना कार्य गर्न अपेक्षा गरेको सुपरिवेक्षक /सह-सुपरिवेक्षक :

माथि उल्लेखित परियोजना कार्य गर्न लाग्ने नियमित प्रयोगशालाबाहेकको सम्भावित खर्च म स्वयंले नै व्यवस्था गर्नेछु ।

निवेदक

हस्ताक्षर :

नाम थर : फोन नं. :

रोल नं. : इमेल ठेगाना :

<u>अनुसूची- २</u>

# General Guidelines for Project Work (PRO 406) Format

It is a mandatory to maintain the uniformity in the format of the Project Work (PRO-406) carried out by B.Sc. IV year students in different departments of several campuses under Institute of Science and Technology (IoST), Tribhuvan University, Nepal.

**The format of the Project Work included the following headings/items:**

i. Cover Page
ii. Board of Examination and Certificate of Approval
iii. Letter of Forward
iv. Recommendation
v. Declaration
vi. Acknowledgements
vii. Abstract
viii. List of Acronyms and Abbreviations
ix. List of Symbols
x. List of Tables
xi. List of Figures
xii. Table of Contents

1. Chapter 1: Introduction
2. Chapter 2: Literature Review
3. Chapter 3: Materials and Methods
4. Chapter 4: Result and Discussions
5. Chapter 5: Conclusions and Recommendations
6. Reference
7. Appendix

**The details of these headings/items are given**

(Format for cover page)

# [TITLE OF THE PROJECT WORK]

**(Comment:** Center, All caps, Bold, Font size 16)

**[Logo of T.U.]**

**(Comment:** Center, size 2"×1.72")

A PROJECT WORK SUBMITTED TO THE

**(Comment:** Center, All caps, not bold, Font size 14)

**DEPARTMENT OF … (Name of Department) ….**

**…(Name of campus)…… CAMPUS**

**INSTITUTE OF SCIENCE AND TECHNOLOGY**

**TRIBHUVAN UNIVERSITY**

**NEPAL**

**(Comment:** Center, All caps, Bold, Font size 14)

**FOR THE AWARD OF**

**BACHELOR OF SCIENCE (B.Sc.) IN … (Name of subject)….**

**(Comment:** Center, All caps, Bold, Font size 14)

BY

**(Comment:** Center, All caps, not bold, Font size 14)

**[FULL NAME OF THE STUDENT]**

**SYMBOL No….**

**T.U. REGISTRATION No…..**

**(Comment:** Center, All caps, Bold, Font size 14

**[MONTH, YEAR]**

**(Comment:** Center, All caps, Bold, Font size 14)

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर

# RECOMMENDATION

**(Comment:** Center, All caps, Bold, Font size 16)

This is to recommend that … **(Name of student, bold faced letter)……,** (Symbol No…… , T.U. Registration No……), has carried out project work entitled "…..**(Title, bold faced letter)**……." for the requirement to the project work in Bachelor of Science (B.Sc.) degree in …(Name of subject)………… under my/our supervision in the Department of …… (Name of department)……, …(Name of Campus/Institute)… Campus, Institute of Science and Technology (IoST), Tribhuvan University (T.U.), Nepal.

To my/our knowledge, this work has not been submitted for any other degree.

He/She has fulfilled all the requirements laid down by the Institute of Science and Technology (IoST), Tribhuvan University (T.U.), Nepal for the submission of the project work for the partial fulfillment of Bachelor of Science (B.Sc.) degree.

**(Comment:** Times New Roman, Font size 12)

---------------------

**…. (Name) ….**<br>
**Supervisor**<br>
Department:<br>
Campus/Institute:<br>
University:

---------------------

**…. (Name) ….**<br>
**Co-Supervisor**<br>
Department:<br>
Campus/Institute:<br>
University:

## [DAY, MONTH, YEAR]

# DECLARATION

**(Comment:** Center, All caps, Bold, Font size 16)

This project work entitled "… **(Title, bold faced letter)** ….." is being submitted to the Department of …(Name of department)…., …(Name of Campus)…… Campus, Institute of Science and Technology (IoST), Tribhuvan University (T.U.), Nepal for the partial fulfillment of the requirement to the project work in Bachelor of Science (B.Sc.) degree in …(Name of subject)…. This project work is carried out by me under the supervision of ….(Name of supervisor)…… and co-supervision of …..(Name of co-supervisor)…… in the Department of …… (Name of department)……, … (Name of Campus/Institute) …… Campus, Institute of Science and Technology (IoST), Tribhuvan University (T.U.), Nepal.

This work is original and has not been submitted earlier in part or full in this or any other form to any university or institute, here or elsewhere, for the award of any degree.

**(Comment:** Times New Roman, Font size 12)

----------------
Signature
Name of student
Symbol No. ……..
T.U. Registration No……

**[DAY, MONTH, YEAR]**

# LETTER OF FORWARD

**(Comment:** Center, All caps, Bold, Font size 16)

[Date: Day/Month/Year]

On the recommendation of **…… (name of supervisor, bold faced letter) …..** and **…… (name of co-supervisor, bold faced letter) …..**, this project work is submitted by **…… (name of student)…..,** Symbol No. ….., T.U. Registration No……, entitled **…….(title, in bold faced letter)**…….” is forwarded by the Department of … (Name of department)……, …(Name of Campus)…..Campus, for the approval to the Evaluation Committee, Institute of Science and Technology (IoST), Tribhuvan University (T.U.), Nepal

He/She has fulfilled all the requirements laid down by the Institute of Science and Technology (IoST), Tribhuvan University (T.U.), Nepal for the project work.

**(Comment:** Times New Roman, Font size 12)

---------------------

**…. (Name) ….**

**Head of Department**

Department of …….

……… Campus

Tribhuvan University

# BOARD OF EXAMINATION AND CERTIFICATE OF APPROVAL

**(Comment:** Center, All caps, Bold, Font size 16)

This project work (PRO-406) entitled "**…(Title, bold faced letter)….**" by …(Name of student)…. (Symbol No………and T.U. Registration No…………………..) under the supervision of ….(Name of supervisor)…… and co-supervision of …..(Name of co-supervisor)…… in the Department of ……(Name of department)…., -…(Name of Campus)…..Campus, Institute of Science and Technology (IoST), Tribhuvan University (T.U.), is hereby submitted for the partial fulfillment of the Bachelor of Science (B.Sc.) degree in …(Name of subject)…. This report has been accepted and forwarded to the Controller of Examination, Institute of Science and Technology, Tribhuvan University, Nepal for the legal procedure.

**(Comment:** Times New Roman, Font size 12)

---------------------
**…. (Name) ….….**
**Supervisor**
Department:
Campus/Institute:
University:

-------------------
**….. (Name) ….**
**Co-Supervisor**
Department:
Campus/Institute:
University:

---------------------
**…. (Name) ….**
**External Examiner**
Department:
Campus/Institute:
University:

-------------------
**…. (Name) ….**
**Internal Examiner**
Department:
Campus/Institute:
University:

---------------------
**…. (Name) ….**
**Head of Department**
Department of …….
……………… Campus
Tribhuvan University

**[DAY, MONTH, YEAR]**

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर

# ACKNOWLEDGEMENTS

**(Comment:** Center, All caps, Bold, Font size 16)

Text: (Times New Roman, Font size 12)
No. of pages: (Not more than 2 pages, write in justified form)

**(Comment:** Times New Roman, Font size 12, spacing within a paragraph 1.5, spacing between two paragraph 2.0)

--------------------------------
(Name of student)
Symbol. No. …
T.U. Registration No……..
[Month, Year]

# ABSTRACT

**(Comment:** Center, All caps, Bold, Font size 16)

Text: (Times New Roman, Font size 12)
No. of pages: (preferable within a page, write in justified form)

**(Comment:** Times New Roman, Font size 12)

***Keywords*** (**Comment:** Times New Roman, Font size 10, Italics)**: …., …., …., …., …. (Comment:** Write five keywords, Times New Roman, Font size 10, not in Italics).

# शोधसार (अनिवार्य)

**(टिप्पणी:** मध्य, **बाक्लो,** प्रीति, १८)

मुल पाठ: (प्रीति, १६ )
पाना संख्या : ( एक पानाभित्र समेटिने गरी लेख्नुपर्ने )

**(टिप्पणी:** हरफ मिलेको, प्रीति, १६)

***Keywords*** (**Comment:** Times New Roman, Font size 10, Italics)**: …., …., …., …., …. (Comment:** Write five keywords, Times New Roman, Font size 10, not in Italics).

# LIST OF ACRONYMS AND ABBREVIATIONS

**(Comment:** Center, All caps, Bold, Font size 16)

Text: (Times New Roman, Font size 12)
**Examples:**

| | |
|---|---|
| FTIR: | Fourier Transforms Infrared Spectroscopy |
| GC-MS: | Gas Chromatography-Mass Spectroscopy |
| LPG: | Liquefied Petroleum Gases |
| NGO: | National Governmental Organization |

**(Comment:** Times New Roman, Font size 12, line spacing 1.5, arrange in alphabetical order)

# LIST OF SYMBOLS

**(Comment:** Center, All caps, Bold, Font size 16)

Text: (Times New Roman, Font size 12)
**Examples:**

| | |
|---|---|
| μ | Dipole moment |
| γ | Activity Coefficient |
| ε | Relative Dielectric Constant |

**(Comment:** Times New Roman, Font size 12, line spacing 1.5)

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०४५

# LIST OF TABLES

**(Comment:** Center, All caps, Bold, Font size 16)

Text: (Times New Roman, Font size 12)

**Table No (bold faced letter):** Title of the table (not bold, font size 12) **Page No.**

**Examples:**

**Table 1:** Calorific value of different petroleum fuels **..**
**Table 2:** Free radical scavenging effects of ascorbic acid **..**

**(Comment:** Times New Roman, Font size 12, line spacing 1.5)

# LIST OF FIGURES

**(Comment:** Center, All caps, Bold, Font size 16)

Text: (Times New Roman, Font size 12)

**Figure No (bold faced letter):** Title of the figure (not bold, font size 12) **Page No.**

**Examples:**

**Figure 1:** Thin layer chromatogram of ethyl acetate extract of *A. Coronans* **…**
**Figure 2:** FTIR spectrum of ethyl acetate extract of *A. Coronans* **…**

**(Comment:** Times New Roman, Font size 12, line spacing 1.5)

# TABLE OF CONTENTS

**(Comment:** Center, All caps, Bold, Font size 16)

Text: (Times New Roman, Font size 12)


| | **Page No.** |
|---|---|
| Cover Page | |
| Recommendation | i |
| Declaration | ii |
| Letter of Forward | iii |
| Board of Examination and Certificate of Approval | iv |
| Acknowledgements | v |
| Abstract | vii |
| List of Acronyms and Abbreviations | viii |
| List of Symbols | ix |
| List of Tables | x |
| List of Figures | xi |
| **CHAPTER 1: INTRODUCTION (**All caps, bold letter, Font size 14) | |
| 1.1 General Introduction (Bold, Font size 12) | .. |
| 1.2 Rationale (Bold, Font size 12) | .. |
| 1.3 ………. | .. |
| 1.4 Objectives | |
|     1.4.1 General objective | .. |
|     1.4.2 Specific objectives | .. |
| **CHAPTER 2: LITERATURE REVIEW (**All caps, bold letter, Font size 14) | |
| 2.1 (Sub-heading, if any) (Bold, Font size 12) | .. |
| 2.2 (Sub-heading, if any) (Bold, Font size 12) | .. |
| 2.3 ………… | |
| **CHAPTER 3: MATERIALS AND METHODS (**All caps, bold letter, Font size 14) | .. |
| 3.1 Materials (Bold, Font size 12) | .. |
|     3.1.1 (Sub-heading, if any) | .. |
|     3.1.2 (Sub-heading, if any) | .. |
| 3.2 Methods (Bold, Font size 12) | .. |
|     3.2.1 (Sub-heading, if any) | .. |
|     3.2.2 (Sub-heading, if any) | .. |
| **CHAPTER 4: RESULTS AND DISCUSSION** (All caps, bold letter, Font size 14) | .. |
| 4.1 (Sub-heading, if any) (Bold, Font size 12) | .. |
| 4.2 (Sub-heading, if any) (Bold, Font size 12) | .. |
| **CHAPTER 5: CONCLUSION AND RECOMMENDATIONS** (All caps, bold letter, Font size 14) | .. |
| **REFERENCE** (All caps, bold letter, Font size 14) | .. |
| **APPENDIX** (All caps, bold letter, Font size 14) | |



प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर

**(Comment:** Times New Roman, Font size 12, line spacing 1.5)

# HAPTER 1

(All caps, bold faced letter, Font size 16)

## 1. INTRODUCTION (All caps, bold letter, Font size 14)

### 1.1 General Introduction (Bold, Font size 12)

(Text: Times New Roman, Font size 12, not bold)

### 1.2 Rationale (Bold, Font size 12)

(Text: Times New Roman, Font size 12, not bold)

### 1.3 Objectives (Bold, Font size 12)

#### 1.3.1 General objective: (Bold, Font size 12)

(Text: Times New Roman, Font size 12, not bold)

#### 1.3.2 Specific objectives: (Bold, Font size 12)

(Text: Times New Roman, Font size 12, not bold)

# CHAPTER 2

(All caps, bold faced letter, Font size 16)

## 2. LITERATURE REVIEW (All caps, bold letter, Font size 14)

### 2.1 (Sub-heading, if any) (Bold, Font size 12)

(Text: Times New Roman, Font size 12, not bold)

### 2.2 (Sub-heading, if any) (Bold, Font size 12)

(Text: Times New Roman, Font size 12, not bold)

# CHAPTER 3

(All caps, bold faced letter, Font size 16)

## 3. MATERIALS AND METHODS (All caps, bold letter, Font size 14)

### 3.1 Materials

#### 3.1.1 (Sub-heading, if any) (Bold, font size 12)

(Text: Times New Roman, Font size 12, not bold)

#### 3.1.2 (Sub-heading, if any) (Bold, font size 12)

(Text: Times New Roman, Font size 12, not bold)

### 3.2 Methods:

#### 3.2.1 (Sub-heading, if any) (Bold, Font size 12)

तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर

(Text: Times New Roman, Font size 12, not bold)

**3.2.2 (Sub-heading, if any)** (Bold, Font size 12)
(Text: Times New Roman, Font size 12, not bold)

# CHAPTER 4

(All caps, bold faced letter, Font size 16)

## 4. RESULTS AND DISCUSSION (All caps, bold letter, Font size 14)

**4.1 (Sub-heading, if any)** (Bold, Font size 12)
(Text: Times New Roman, Font size 12, not bold)

**4.2 (Sub-heading, if any)** (Bold, Font size 12)
(Text: Times New Roman, Font size 12, not bold)

# CHAPTER 5

(All caps, bold faced letter, Font size 16)

## 5. CONCLUSION AND RECOMMENDATION (All caps, bold letter, Font size 14)

**5.1 Conclusions** (Bold, Font size 12)
**5.1.1 (Sub-heading, if any)** (Bold, Font size 12)
(Text: Times New Roman, Font size 12, not bold)
**5.1.2 (Sub-heading, if any)** (Bold, Font size 12)
(Text: Times New Roman, Font size 12, not bold)

**5.2 Novelty and National Prosperity aspect of Project work** (Bold, Font size 12)
(Text: Times New Roman, Font size 12, not bold)

**5.3 Limitations of the work** (Bold, Font size 12)
(Text: Times New Roman, Font size 12, not bold)

**5.4 Recommendations for further work** (Bold, Font size 12)
(Text: Times New Roman, Font size 12, not bold)

# REFERENCE

(All caps, bold faced letter, Font size 16)

# APPENDIX

(All caps, bold faced letter, Font size 16)
**(Scientific publication, questionnaires, long computational algorithms, if necessary)**

**(Comment:** Times New Roman, Font size 12, spacing through body of text 1.5 spacing, 1.5 spacing within each entry but 2.0 spacing between each entry)

**Note: Project work for some of the departments (Mathematics, Statistic) may not fit into the above mentioned patterns, for such situations, the body part of the project work should have the following order.**

a) **Introduction**
b) **Chapters with special heading, which covers the project work performed by the student.**
c) **Summary and conclusions: It includes the overall summary, conclusions and the recommendation for further work, if applicable.**

**Language of Project work:**

- The project work must be written in English.
- Presentation of the project work in viva-voce examination should also be conducted in English medium.

**Length and quality of printing of Project work:**

- The project work should be printed in single sided white bond paper of A4 size with body text not less than 30 pages.
- Photocopy of printing is not acceptable.

**Typeface and font size:**

- The project work should be written in Times New Roman.
- The font size should be 12 throughout the text except as mentioned above.
- Equations and formulae should be preferably written in 10 font size.
- The scientific names should be written in italics.
- The text should be justified.

**Tables and Figures:**

- Tables and figures should appear in the text closely to the point where it is first discussed.
- Table number and its heading should be placed above the body of the table.
- Figure number and its heading should be placed below the body of the figure.
- The font size for both table and figure caption should be 10.
- Table number and figure number must be continuous in the report.
- Table number and figure number are written in bold faced letter while their titles are written not in bold.

  Examples:

  **Table 1** (font 10, bold): …..Title (font 10, not bold)…….

  **Figure 1** (font 10, bold): …..Title (font 10, not bold)…….

**Margins:**

- In printing- top, right and bottom margins should be 2.5 cm and left margin should not be less than 3.5 cm.
- Page number should be at least 1.5 cm above from the lower edge of the paper.

**Spacing:**

- Spacing for text: 1.5 spacing throughout the body of text
- Spacing for references: 1.5 spacing within each entry and 2.0 spacing between each entry.

तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०४५

**Pagination:**

- Every page has a number.
- Use small Roman numerals (i, ii, iii, …..) for the preliminary pages such as *Board of Examination and Certificate of Approval*, *declaration, certificate of approval, table of contents etc.*
- Count the inner cover page as page i and the other pages such as *Board of Examination and Certificate of Approval, declaration, certificate of approval, table of contents etc.* ii, iii, iv, …. etc.
- Do not print the page number on inner cover page.
- Use Arabic Hindu numbers (1, 2, 3, 4, …) starting with page 1 from chapter 1.

**Reference and citation in the text:**

- American Psychological Association (APA) format should be preferably followed for references and citations in the text. The references should be arranged in alphabetical with chronological order by surname of the first author. Spacing for references should be 1.5 within each entry but double spacing between each entry. Use hanging indents: entries should begin flush left with subsequent lines indented.
- Other standard format such as AMS (American Mathematical Society), AIP (American Institute of Physics), ACS (American Chemical Society), etc. can also be accepted.
- Every reference cited in the text and present in the reference list should be linked and synchronize in standard reference management program such as EndNote, Latex, Zotero etc.

**Examples of using APA format in reference and citation:**

**i) Book of single author:**

Surname, Initial uppercase letter of author's name (Year), Title of the Book, Place, Publication.

Barron L. D. (1983), *Molecular Light Scattering and Optical Activity*, Cambridge University Press, Cambridge, UK.

**Citation in the text:** (Barron, 1983) or Barron (1983) explained …….

**ii) Book of two authors:**

Gosney, I. & Rowley, A. G. (1979), "Transformations via Phosphorus-stabilized Anions, Stereoselective Synthesis of Alkenes via the Wittig reaction", *Organophosphorus Reagents in Organic Synthesis*, Academic, New York, p.17.

**Citation in the text:** (Gosney & Rowley, 1979) or Gosney and Rowley (1979) stated that……

**iii) Book of three or more authors:**

Pelter, A., Smith, K., & Brown, H. C. (1988), *Borane Reagents*, Academic, London

**Citation in the text:** (Pelter, *et al.*, 1988) or Pelter, *et al.* (1988) explained …….

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०७५

**iv) Journal of single author:**

Evans, D. A. (1982), "Studies in Asymmetric Synthesis. The Development of Practical Chiral Enolate Synthons," *Aldrichin. Acta*, **15**, 23

**Citation in the text:** (Evans, 1982) or Evans (1982) explained …….

**v) Journal of two authors:**

Denmark, S. E., & Marble, L. K. (1990), "Auxillary-Based, Asymmetric $SN_2$' Reactions: A Case of 1,7-Relative Stereogenesis," *J. Org. Chem.,* **55**, 1984

**Citation in the text:** (Denmark and Marble, 1990) or Denmark and Marble (1990) highlighted ……

**vi) Journal of three or more authors:**

Gautam, D. R., Protopappas, J., Fylaktakidou, K. C., Litinas, K. E., Nicolaides, D. N., and Tsoleridis, C. A. (2009), *Tetrahedron Lett.,* **50**, 448.

**Citation in the text:** (Gautam, *et al.*, 2009) or Gautam, *et al.* (2009) found that …….

**Note:** The names of journals should be typed in italic exactly as the name of the journal examples: *J. Am. Chem. Soc., J. Org. Chem., J. Am. Stat Assoc., Tetrahedron Lett., etc.*

**vii) Ph.D/Master's Dissertation:**

Rajbhandari (Nyachhyon), A. (2011), *Investigation on Inorganic Salts based Ions Selective Electrodes* (Unpublished doctoral thesis). Central Department of Chemistry, Institute of Science and Technology, Tribhuvan University, Kathmandu, Nepal.

**viii) Internet article with DOI assigned:**

Stultz, J. (2006), Integrating exposure therapy and analytic therapy in trauma treatment. *American Journal of Orthopsychiatry*, **76** (4), 482-488, doi:10.1037/0002-9432.76.4.482

**In case of more than 7 authorships, author can be used *et al*. in the text and reference respectively. For example**

Van Decar, J. C., Russo, R. M., James, D. E. *et al*. (2003). A seismic continuation of the Lesser Antilles slab beneath northeastern Venezuela. *Journal of Geophysical Research*, **70** (3), 212-219, doi.org/10.1029/2001JB000884

**ix) Internet article without DOI assigned:**

Sillick, T. J. & Schutte, N. S. (2006), Emotional intelligence and self-esteem mediate between perceived early parental love and adult happiness. *E-Journal of Applied Psychology*, **2** (2), 38-48. Retrieved from http://ojs.lib.swin.edu.au/index.php/ejap/article/view/71/100, Accessed on (dd/mm/yy).

**अनुसूची– ३ (क)**

# ………….. Campus
## Department of ………….
## Institute of Science and Technology, Tribhuvan University

**Project Work Evaluation Form**

**Name of Student:**
**Title of Project work:**

Course Code: PRO-406 Symbol No.: Date: ……/..…/…

**Evaluation Scheme**

| | | | | | |
|---|---|---|---|---|---|
| 10 | Extraordinary | 9 | Excellent | 8 | Very Good |
| 7 | Good | 6 | Average | 5 | Poor |

| **Evaluation Criteria** | **Evaluation (Circle One)** | | | | | | **Total Evaluated Number** |
|---|---|---|---|---|---|---|---|
| Novelty | 10 | 9 | 8 | 7 | 6 | 5 | |
| Problem of Identification | 10 | 9 | 8 | 7 | 6 | 5 | |
| Project Design | 10 | 9 | 8 | 7 | 6 | 5 | |
| Procedure, Data collection and analysis | 10 | 9 | 8 | 7 | 6 | 5 | |
| Conclusion and Future works | 10 | 9 | 8 | 7 | 6 | 5 | |
| Literature review | 10 | 9 | 8 | 7 | 6 | 5 | |
| Writing format | 10 | 9 | 8 | 7 | 6 | 5 | |
| Presentation | 10 | 9 | 8 | 7 | 6 | 5 | |
| Viva-voce Performance | 10 | 9 | 8 | 7 | 6 | 5 | |
| Social Impact | 10 | 9 | 8 | 7 | 6 | 5 | |

Additional Comments (If any):

$$Marksobtained = \frac{TotalEvaluatedNumber}{100} \times FullMarksoftheExaminer = ¿$$

[F.M. for out of 100: Supervisor (40)/ External Examiner (25)/ Internal Examiner (20)/ Head of the Department (15)]

**Name:**
**Signature:**
**Date:**

---

**Supervisor/External Examiner/Internal Examiner/Head of the Department**

अनुसूची– ३ (ख)

**Mark ledger of the Project work student**

Date: ……/…/…

To,
The Office of the Controller of Examination,
B. Sc. Exam Section,
Tribhuvan University,
Balkhu, Kathmandu, Nepal.

**Subject: Marks of B. Sc. Project work (PRO 406)**

Sir,

Marks obtained by Mr./Ms. ………………..……….. (Batch ……..) for the evaluation of Project work conducted at the Department of ……………, ……………………. Campus for the partial fulfillment of B. Sc. in ……… has been forwarded. The details are as follows:

**Year:** Fourth **Course Code:** PRO 406
**Full Marks: 100** **Pass Marks: 50**

**Title of Project work:**

Date of Submission : …………………….. (BS)/ ……………………… (AD)
Date of Viva-voce : ……………………… (BS)/ ……………………… (AD)

| S.N. | Symbol No. | Regtistration No. | Name of Student | Marks obtained (In figure and words) |
|---|---|---|---|---|
| 1. | | | | |

Name and Signature of the members of Project work Evaluation committee/Board:

| | Name | Signature |
|---|---|---|
| Supervisor : | | |
| Co-Supervisor : | | |
| External Examiner : | | |
| Internal Examiner : | | |
| Head of the Department : | | |

………….……………….
(Name)
Head of the Department
………… Campus

**Note:** Dean Office has formed a committee to revise '*B.Sc. Fourth Year Project Work (PRO 406) Guideline*' under the convener-ship of **Prof. Dr. Daman Raj Gautam** (Amrit Campus) on 2078/01/15. The members of the committee were **Mr. Iswar Koirala** (Tri-Chandra Campus) and **Dr. Binod Baniya** (Patan Multiple College). The report was submitted to the Dean Office on 2078/02/14. Dean Office has tabled the report in the Full Faculty Board Meeting (virtual) on 2078/03/11. This '*B.Sc. Fourth Year Project Work (PRO 406) Guideline 2078*' has been approved by the faculty Board (Full) meeting on 2078/03/11.